# भीमसेन थापा गाउँपालिका सार्वजनिक दोस्रो सुनुवाई कार्यक्रम प्रतिवेदन




प्रतिवेदन प्रस्तुकर्ता : दीपक श्रेष्ठ

समन्वय संस्था : सोच नेपाल मिडिया

प्रतिवेदन पेश गरिएको मिति २०८०/०२/०४

# भीमसेन थापा गाउँपालिका दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम प्रतिवेदन

## १.आयोजना बिबरण खण्ड

- कार्यक्रमको नाम : सार्वजनिक सुनुवाई (आ.व २०७९/०८०) दोस्रो चौमासिक
- बिषय : गाउँपालिकाले गरेका बिकास निर्माण योजना, कार्यक्रम र सेवाप्रवाह
- सम्बन्धित कार्यालय : भीमसेन थापा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
- मिति : २०७९ साल चैत ३० गते
- स्थान : भीमसेन थापा गाउँपालिका- ४ धावा
- सहजकर्ता : दिपक श्रेष्ठ
- आबद्ध संस्था : रा.स.स/ रेडियो मनासलु/ नागरिक सवाल डटकम

## २.पृष्ठभूमि (Background)

गाउँपालिकाले पालिका भित्र भएका विकासका निमार्णका कार्यहरु र सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा सेवा प्रदायक निकायलाई सेवाग्राही प्रति जवाफदेही बनाउन एवं सेवाग्राहीलाई पनि एक जिम्मेवार नागरिक बनाउने सामाजिक जवाफदेहिताको एक संयन्त्र हो सार्वजनिक सुनुवाई । जसको माध्यमबाट सेवा प्रदायक र सेवाग्राही बीचको विकास कार्य वा सेवा प्रदान तथा अन्तर सम्बन्धलाई पारदर्शी बनाउन मात्र नभएर विकासको गतिलाई अगाडी लैजान समेत बल पुग्दछ । सार्वजनिक सुनुवाईले सुसाशनका मुख्य तत्वहरु पारदर्शिता र जावफदेहिता प्रर्वद्धन गर्नेजस्ता मुलभूत कुरालाई पृष्ठपोषण गर्दछ। यसै परिवेक्षमा भीमसेन थापा गाउँपालिकाले पालिका कार्यालय मातहत प्रदान गर्दै आएको सेवा सबिधा तथा बिकास निर्माणका सर्न्दभमा कार्यालयहरुले प्रवाह गरेको सेवा तथा सम्पादित कार्यक्रमहरुको प्रभावकारिता र सेवाको विद्यमान अवस्थालाई मुल्याकन गर्न सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरेको हो ।

## ३.महत्व (Improtance) :

क) गाउँपालिका मातहत र पालिका भित्रका पर्ने बिकास निर्माण तथा सेवा प्रवाह गुणस्तरिय बनाई सेवा नागरिकहरुमा पालिका बिश्वास अभिबृद्धि गर्न ।

ख) गाउँपालिका मतहातको कार्यालयहरु बाट प्रवाह हुने सेवाहरु बारे सरोकारवाला नागरिकहरुलाई सचेतना अभिवृद्धि गर्न ।

ग) गाउँपालिका क्रियाकलापहरुको सरोकारवाला नागरिकहरुप्रति जवाफदेहिता अभिवृद्धि गर्न ।

घ) गाउँपालिकाबाट प्रवाह हुने सेवाहरुमा सरोकारवाला सेवाग्राहीहरुको सहभागितामा वृद्धि गर्नु ।

ङ) गाउँपालिका कार्यालयहरुको कृयाकलापहरुलाई पारदर्शी बनाउन ।

च) सेवाग्राहीलाई हक अधिकार जवाफदेही निकाय र पदाधिकारीलाई सजक तथा जिम्मेवार बनाउन ।

(छ) सेवा प्रदायक निकाय निकाय सेवाग्राही बिचको खाडल कम गर्न ।

## ४.बिषयबस्तु (Subject Matter):

मिति २०७९ साल चैत ३० गते बुधबार दिन भीमसेन थापा गाँउपालिकाको आयोजनामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । गाउँपालिकाले चालु आर्थिक बर्ष २०७९/०८० को दोस्रो चौमासिकमा सञ्चालन गरेका बिभिन्न योजना, निति निर्माण र तिनको कार्यान्वयनको अबस्था र कार्यलयको सेवा प्रवाहका बारेमा नागरिकहरुको सुझाव गुनासो र जिज्ञासाहरु संकलनका गर्दै गाउँपालिकाले गरेका कामका बिषयमा गाउँपालिका भित्रका नागरिकहरुलाई सुसुचित गराउन सार्वजनिक सुनुवाई कार्यक्रम गरेको हो । भीसमेन थापा गाउँपालिकाका अध्यक्ष श्री लोकप्रसाद बन्जरा (अक्कल) को अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा गाउँपालिकी उपाध्यक्ष श्री अमृतादेवी वस्ती (भट्ट), प्रमुख प्रसासकिय अधिकृत श्री चित्रबहादुर अधिकारी, बिभिन्न वडाका वडाध्यक्षहरु, गाउँ कार्यापालिकाका सदस्यहरु, गाउँपालिकाका बिभिन्न कार्यलयका शाखाका प्रमुखहरु, वडा सदस्यहरु, अन्य सरोकारवालाहरु तथा गाउँपालिका भित्रका नागरिकहरु गरी करिव करिब १०० जनाभन्दा बढिको उपस्थिती रहेको थियो ।

पहिलोखण्डमा कार्यक्रमको उद्घाटन, र गाउँपालिका उपाध्यक्ष श्री अमृतादेवी वस्ती (भट्ट) ले सहभागीहरुलाई स्वागत मन्तव्य मार्फत स्वागत गर्नुभयो भने दोस्रो खण्डमा गाउँपालिका अध्यक्ष श्री लोकप्रसाद बन्जरा (अक्कल) द्धारा पालिकाले सञ्चालन गरेका बिभिन्न बिकास निर्माणका आयोजना तथा प्रमुख प्रशासकिय अधिकृत श्री चित्रबहादुर अधिकारीले गाउँपालिका प्रदान गर्दै आएको सेवा प्रवाह लगायतका बिषयमा जानकारी प्रदान गर्नुभयो । कार्यक्रममको तेस्रो खण्डमा जिज्ञासा/प्रतिकृया संकलन एवम प्रश्नोत्तर र चौथो समापन गरि चार भागमा विभाजन गरि कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रम दिनको ठिक ११ बजेदेखि सुरु भई ३ बजेसम्म गरि ४:०० घण्टामा सम्पन्न भएको हो । कार्यक्रममा स्थानीय तथा सेवाग्राहीले उठाएका जिज्ञासा एवम प्रश्नको गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वडाध्यक्ष एवम सम्बन्धित शाखाका प्रमुख लगायतका जवाफदेही बक्ताहरुले उठेका प्रश्नहरुको जवाफ दिएका थिए ।

## ५.कार्यक्रमको उद्देस्य (Purpose of the programme)

- गाउँपालिकाले गरेका बिकास निर्माण र योजनाहरुको पारदर्शिताका लागि
- सुशासनका र पारर्दशिता
- विश्वसनियताका लागि
- उत्तरदायित्व वहनका लागि
- कार्यक्रमको प्रभावकारिता परिक्षणका लागि
- सेवाग्राहीको जिज्ञासा एवम प्रतिकृयाका संकलनका लागि
- कार्यलयको प्रवाह गरेको सेवा सुबिधाको बारेमा गुनासो तथा सुझाव संकलनका लागि

## ६.कार्यक्रममा संकलन भएका जिज्ञासा/प्रश्न/प्रतिक्रिया र सुझावहरु (Questions, reactions and suggestions collected in the program)

उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा ११ जना भन्दाबढि सहभागीहरुले गाउँपालिकाले सञ्चालन गरेका बिकास निर्माण, खानेपानीका समस्या शिक्षा, स्वास्थ्य बाटोघाटो, कृषि उत्पादन तथा अनुदान लगायतका बिषयमा व्यक्तित्वहरुसंग जिज्ञासा, प्रश्न एवम प्रतिकृया राखेका थिए । कार्यक्रममा प्राप्त भएका प्रतिनिधिमुलक जिज्ञासा, प्रश्न, प्रतिकृया एवम सल्लाह सुझाव यस प्रकार रहेका छन् ।

- सुरेन्द्र तामाङ (भीमसेन थापा गाउँपालिका ४ धावा ) :
  - ❖ कृषकले समयमा मल पाउन सकेका छैनन ? भूगोल ठूलो जनसंख्या धेरै मल उपलब्ध गराउदा साविकको धावामा हरेक बर्ष थोरै मल उपलब्ध गराउने गरिएकाले सधै हामीले रासायनिक मलको अभाव झेल्नु परेको छ हामीले कहिले पर्याप्त मात्रामा रासायनिक मल प्राप्त गर्नसक्छौ ?
  - ❖ गाउँमा खेतीबाली लगाइएपनि बाँदरले भित्र्याउन नपाउदै खाइदिने नष्ट गरिदिने गर्छ र बाँदर नियन्त्रणका लागि गाउँपालिकाले पहल गरिदियोस् ।
  - ❖ धावामा बाह्रै महिना चल्ने सडक निर्माण कहिले हुन्छ ?
- रुद्रप्रसाद लामिछाने (भीमसेन थापा गा.प ४ धावा)
  - ❖ चार करोडको टेण्डर निकालेको सडक निर्माणको काम किन अघि बढ्न सकेन ?
  - ❖ बालुवाटार कोयापानी सडक प्रभातदेखि बालुवाटार हुदैं सडक लैजान भन्ने चर्चा छ यसको बास्तविकता के हो ?

- सन्दिप सिंखडा (भीमसेन थापा गाउँपालिका ४ धावा) :
  - ❖ संघ र प्रदेशले बिनियोजन गरेका बजेटबाट सञ्चालन भएका बिकास योजनाहरु स्थानीय सरकारले अनुगमन गर्न पाउने हो कि नपाउने हो ? पाउने हो भने किन स्थानीय सरकारले प्रभावकारी अनुगमन गर्न सकिरहेको छैन ?
  - ❖ धावाको तल्लो चौताराको क्षेत्रमा बिकास बजेटका काम अलपत्र परिरहेको छ कसले निगरानी र नियम गर्ने हो ? ७० प्रतिसत निर्माण भइसकेको खानेपानी आयोजनाको संरचना बनेर अहिले रोकिएको छ आयोजना नबन्द तल्लो चौतारा क्षेत्रका ४ सय परिवार मध्ये करिब पौने ३ सय परिवार अझै डोकोमा पानी बोकेर खानुपर्ने बाध्यता अझै छ कहिलेसम्म आयोजना निर्माण हुने हो ?

- टिकाराम पौडेल ( भीमसेन थापा गाउँपालिका वडा नम्बर ४)

- ❖ सार्वजनिक सुनुवाई लगायतका अन्य महत्वपूर्ण सूचनाहरु गाउँपालिकाले फेसबुकमा हालेर मात्र छोड्ने गरेको छ फेसबुकका राखेको सूचना हामी जस्ता फेसबुक नभएका, फेसबुक चलाउने मोवाइल नभएका मानिसले कसरी थाहा पाउन सक्छौ ? सूचनालाई सवै जनतासम्म पुग्ने गरी जानकारी दिने गरियोस् ।
- ❖ बालुवाटारमा टाउको ठूलो भएका बच्चाको उपचारका लागि आर्थिक अभाव हुदाँ समस्या भएको छ गाउँपालिका वा गाउँपालिका मार्फत उपचारका लागि सहयोग गर्न सकिन्छ भने सहयोग गरियोस् । जनता बिरामी परेर घरमा कुहिने अबस्था आयो स्थानीय सरकारले ध्यान दिइयोस ।
- ❖ गाउँपालिका कृषि शाखाले किसानलाई बितरण गरेको मकैको बिउ पहुँचको आधारमा मात्र भएजस्तो भयो । हामी किसानले प्रतिकिलो ६ सय रुपैया किलोसम्म तिरेर मकैको बिउ बितरण गर्नुपर्ने अबस्था आएको छ सहुलियतमा गाउँपालिकाले मकैको बिउ उपलब्ध गराओस् ।

- शिव नाथ लामिछाने (भीमसेन थापा गाउँपालिका)
  - ❖ डि गाउँमा अहिलेसम्म खानेपानीको धारा काठको टेको राखेर हामीले कति दिन पानी पिउनु पर्ने हो ?
- ऋषिराम लामिछाने (भीमसेन थापा गा.पा ४)
  - ❖ फिडर टाढा भएकाले धावाबासीले पटक पटक बत्ती जाने आउने समस्या खेप्दै आउनु परेको छ यसको समस्याका लागि गाउँपालिकाले प्राधिकरणसंग समन्वय गरेर यहाँको समस्या समाधान गरोस् ।
  - ❖ भीमसेन थापा गाउँपालिकाको मसेलमा बिद्युतको सवस्टेन निर्माणको काम अहिलेसम्म कहाँ पुग्यो कहिलेसम्म निर्माण भइसक्ने हो ?

## ७.सहभागीबाट उठेका प्रश्नका जवाफ (Answers to questions raised by participants)

सहभागीहरुबाट उठेका प्रश्नको जवाफ दिनुहुदैं गोरखाको भीमसेन थापा गाउँपालिका अध्यक्ष श्री लोकप्रसाद बन्जरा (अक्कल) ले सडक समस्यालाई समाधान गर्न गाउँपालिकाले प्राथामिकताका आधारमा ३ वटा सडकलाई गाउँपालिकाको लाइफ लाइन सडकको रुपमा अघि बढाएको बताउनुभयो । उहाँले स्थानीय कृषकहरुले गर्ने उत्पादन व्यवसायिक नभई दिनचर्याका लागि मात्र हुने गरेकाले पनि स्थानीय उत्पादनलाई बजारीकरण गर्न समस्या भएको उल्लेख गर्नुभयो । गाउँपालिकाले पालिका भित्र रोजगारी सृजनाका लागि सिपमूलक तालिमहरु सञ्चालन गर्दै आएको भन्दै सिप सिकेर आत्मानिर्भर बन्ने तर्फ लाग्नुपर्नेमा जोडदिनुभयो । कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष अमृतादेवी वस्ती (भट्ट) ले

नागरिकहरुले उठाएका सवाललाई गाउँपालिकाले गम्भीरता पूर्वक लिएर समाधानका लागि लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले बिद्युत, खानेपानी, सडक पूर्वाधारको बिकाससंगै शिक्षा र स्वास्थ्यको गुणस्तर बृद्धिका लागि पनि गाउँपालिकाले जोडदिदै आएको बताउनुभयो । कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत चित्रबहादुर अधिकारीले गाउँपालिकाले रासायनिक मलको अभाव परिपूर्तिका लागि आगामी बैशाखदेखि झोल मल उत्पादनका लागि कृषकहरुलाई तालिम दिने तयारी गरिरहेको बताउनुभयो । सार्वजनिक सुनुवाई कार्यक्रममा पालिका भित्रका बिभिन्न वडाका गरि करिब १०० जनाभन्दा बढीको सहभागिता रहेको थियो ।

## ८.सक्षेपमा सहभागीको प्रतिक्रिया (Summarize the participant's response)

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी मध्ये गाउँपालिकाको वडा नम्बर ४ का अधिकांस सहभागीहरुले सडक बाटो समस्या, खानेपानीको समस्या तथा रासायनिक मलको समस्या लगायतका बिषयमा प्रश्न उठाएको थिए ।  सहभागीहरुले पालिका भित्र प्रदेश सरकार, संघिय सरकार तथा स्थानीय सरकारले गरेका बिकास निर्माणका कामको प्रभावकारी अनुमगन लगायतका बिषयलाई प्राथामिकतामा राखेर गाउँपालिका अध्यक्ष, उपाध्यक्ष वडाध्यक्ष, प्रशासकिय अधिकृत लगायतसंग जवाफ माग गरेका थिए ।

## **९.सार्वजनिक सुनुवाईका निर्णयहरु......**

१. गाउँपालिकाको विषयगत कार्यालयहरु र विषयगत कार्यालयहरुले आ.ब २०७९/०८० को दोस्रो चौमासिकमा गरिएका कामहरुको सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत समिक्षा गरियो ।

२. पालिकाले सञ्चालन गरेका कार्यक्रमहरुको प्रभावकारी अनुगमन गर्नुपर्नेमा जोड दिइयो ।

३. सार्वजनिक सुनुवाई गर्दा विषयगत कार्यालयका प्रमुखहरुलाई अनिवार्य सहभागिता गराउनु पर्ने सुभाव प्राप्त भयो ।

## १०. निष्कर्ष (Conclusion):

सामाजिक जवाफदेहिता अभिवृद्धिको लागि सार्वजनिक सुनुवाईलाई महत्वपूर्ण मान्निछ । साथै गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई आफ्नो कर्तव्य प्रति जिम्मेवार बनाउन मात्र नभई ज्ञान नागरिकले सामाजिक जवाफदेहिता अभिवृद्धि गर्नका लागि के भूमिका निर्वाह गर्नु पदर्छ नागरिकका कर्तव्य के हुन भन्ने विषमता जान नागरिकलाई पनि जिम्मेवार बोध गराउन सफल भएको छ । सार्वजनिक सुनुवाईले शिक्षाको अवस्था, सडकको अवस्था, खानेपानी तथा सरसफाई लगायतका

समस्याबारे सरोकारवालाई जिम्मेवार बनाउनका साथै प्राथामिकताका बिषयमा सुझाव प्राप्त भएको छ । तसर्थ सार्वजनिक सुनवाई निरन्तर हुन थालेमा नागरिकले गुनासो मात्र नभई समाधान पनि खोज्न थाल्ने छन् भने समाजमा रहेका भष्ट्राचार बेथिती र आर्थिक अपराध हराएर उत्तरवामी समाजको निमार्ण हुनेछ ।

धन्यवाद !!!